स्थानीय राजपत्र

यशोधरा गाउँपालिका द्वारा प्रकाशित

खण्डः ८)   संख्याः ५   मिति : बैशाख २६ गते २०८२

भाग : २

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

यशोधरा गाउँपालिकाको एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावनाः आकस्मिक स्वास्थ्य सेवा, दुर्घटना, बिपद आदि अवस्थाको बिरामी र घाइते ,गर्भवती तथा सुत्केरी महिलाहरुको आकस्मिक उपचार तथा प्रसुति सेवा, ७५ बर्ष भन्दा माथिका जेष्ठ नागरिक , क बर्ग का अपागंता भएको ब्यक्ती आदिलाई प्राथमिकताका साथ स्वास्थ्य संस्था सम्म छिटो छरितो पुर्याउनको लागि एम्बुलेन्स सेवा प्रदान गर्न वान्छनीय भएकोले,
यशोधरा गाउँपालिका स्वास्थ्य ऐन २०७८ (पहिलो संशोधन , २०८०) दफा २९ को ब्यवस्था अनुसार यो कार्यबिधीको मस्यौदा एम्बुलेन्स कार्यबिधी २०८२ तर्जुमा समितीले तयार गरि पेश गरेको ।

परिच्छेद १

प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरि स्थानिय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१)“एम्बुलेन्स” भन्नाले बिरामी ओसार्न स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण समेतलाई जनाउँछ।

(२)“एम्बुलेन्स जनशक्ति” भन्नाले एम्बुलेन्समा खटिने / रहने स्वास्थ्यकर्मीलाई सम्झनुपर्छ।

(३)“ चालक” भन्नाले नेपाल सरकारको राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ मा तोकिएको योग्यता प्राप्त एम्बुलेन्स चालकलाई सम्झनु पर्छ।

(४)“ गाउँपालिका” भन्नाले यशोधरा गाउँपालिकालाइ सम्झनु पर्छ।

(५)“ वडा” भन्नाले यशोधरा गाउँपालिका अन्तरगतको वडा नं. १ देखि ८ नं सम्मलाई सम्झनु पर्छ।

(६)“सेवा-शुल्क ” भन्नाले एम्बुलेन्स सेवा दिए बापत सेवाग्राहीले बुझाउने/ तिर्ने शुल्क सम्झनु पर्छ।

(७) “सेवा” भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सेवा सम्झनुलाई पर्छ।

३) **उद्देश्यः** (१) यस कार्यविधिका प्रमुख उद्देश्यहरु निम्नानुसार रहेका छन्।

क) आकस्मिक बिरामी/ घाइतेलाई स्वास्थ्य संस्था सम्म छिटो छरितो पुर्याउने।

ख) यशोधरा गाउँपालिकाको गर्भवती तथा सुत्केरी महिलाहरुको आकस्मिक अवस्थामा स्वास्थ्य संस्था सम्म निशुल्क एम्वुलेन्स सेवाको पहुँच वृद्धि गरी घरमा हुने सुत्केरी तथा मातृशिशु मृत्युलाई न्यूनीकरणमा सहयोग गर्ने।

ग) यशोधरा गाउँपालिकाको ७५ वर्ष माथिका जेष्ठ नागरिक र क बर्गको अपागंता भएको व्यक्तिहरुलाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न।

घ) बिपद्को अवस्थामा यशोधरा गाउँपालिका तथा अन्य स्थानमा एम्बुलेन्स परिचालन गर्ने।

परिच्छेद – २
एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन

४) स्वास्थ्य संस्थास्तरिय एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समितिः (१) एम्बुलेन्स रहेको स्वास्थ्य संस्थामा

एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको स्वास्थ्य संस्था स्तरिय एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समिति रहनेछ ।

क) एम्बुलेन्स रहेको सम्बन्धित वडाको वडा अध्यक्ष – संयोजक

ख) एम्बुलेन्स रहेको सम्बन्धित वडाको वडा सचिव– सदस्य

ग) समितिको संयोजकले तोकेको एक जना महिला स्वास्थ्य स्वयमसेविका – सदस्य

घ) समितिको संयोजकले तोकेको स्थानिय समाज सेवी मध्ये १ जना – सदस्य

ङ) एम्बुलेन्स रहेको स्वास्थ्य संस्था प्रमुख– सदस्य सचिव

(२) समितिको बैठक त्रैमासिक रुपमा बस्नेछ साथै संयोजकको निर्देशनमा आवश्यकता अनुसार बस्नेछ (३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था एम्बुलेन्स संचालन तथा ब्यवस्थापन समितीले निर्धारण गरे बमोजिम हुनेछ ।

५). स्वास्थ्य संस्था स्तरिय एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः (१) स्वास्थ्य संस्था स्तरिय एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गराउने ।

ख) एम्बुलेन्स सेवाको अनुगमन गर्ने ।

ग) चालकले पालन गर्नुपर्ने आचारसंहिता लागु गराउने ।

घ) चालकले आचारसंहिता पालन नगरेमा चालकलाई चेतावनी दिने र आवश्यक कार्यवाहीको लागि यशोधरा गाउँपालिकामा सिफारिस गर्ने ।

ङ) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

च) यशोधरा गाउँपालिकाको स्थायी बासिन्दा गर्भवती महिलालाई स्वास्थ्य संस्थाबाट प्रदान गरिएको गर्भवती जाँच कार्ड (ANC

Check Up card) को आधारमा घरदेखि आकस्मिक तथा प्रसुति सेवाको लागि स्वास्थ्य संस्थासम्म पुर्याउने र ७५ वर्ष माथिका जेष्ठ नागरिक , क बर्गको अपांता भएको व्यक्तिहलाई निशुल्क रुपमा नजिकैको स्वास्थ्य संस्थासम्म वा बढिमा तौलिहवा अस्पतालसम्म निशुल्क पुर्याउने ब्यवस्था मिलाउने ।

छ) सदस्य सचिवले नि शुल्क र सशुल्क एम्बुलेन्स सेवाको अभिलेख राख्ने र मासिक रुपमा संयोजकलाई एम्बुलेन्स सेवाको प्रतिवेदन पेश गर्ने ।

ज) एकैसाथ एकभन्दा बढि स्थानबाट एम्बुलेन्सको माग भएमा अन्य सवारी साधन सहजै उपलब्ध नहुने स्थानको लागि प्राथमिकता दिई ब्यवस्था गर्ने ।

झ) चालकले सेवा शुल्क नियमित रुपमा बैक खातामा दाखिला गरे / नगरेको निरीक्षण गर्ने ।

ञ) चालकको सेवा सुविधा र शर्तको विषयमा गाउँपालिकालाई लिखित सुझाव दिने ।

ट) चालकले सेवा शुल्क वापत असुल गरेको रकम बैक खातामा दाखिला गरेको भौचरको आधारमा सदस्य-सचिवले आय/व्यय राखी समितिको त्रैमासिकको बैठकमा पेश गरी अनुमोदन गर्ने / गराउने ।

ठ) एम्बुलेन्स चालकको करार सेवाको म्याद थपको लागि सिफारिस गर्ने ।

ड) एम्बुलेन्स संचालन गर्न आवश्यक बजेट सम्बन्धित वडा कार्यालय, गाउँपालिका र अन्य निकायमा सहयोगको लागि माग गर्ने ।

ढ) एम्बुलेन्स मर्मतको लागि गाउँपालिकामा सिफारिस गर्ने ।

ण) एम्बुलेन्स सेवा सम्बन्धमा अन्य आवश्यक छलफल तथा निर्णय गर्ने ।

परिच्छेदः ३

गाउँपालिका स्तरिय एम्बुलेन्स सेवा संचालन तथा ब्यवस्थापन

६) गाउँपालिका स्तरिय एम्बुलेन्स सेवा संचालन तथा ब्यवस्थापन समिति : (१) गाउँपालिकामा एम्बुलेन्स सेवा संचालन तथा ब्यवस्थापनका लागि देहायको गाउँपालिका स्तरिय एम्बुलेन्स सेवा संचालन तथा ब्यवस्थापन समिति पदाधिकारी रहने छ ।

क) गाउँपालिका अध्यक्ष -

संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत –

सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख –

सदस्य

घ) सामाजिक बिकाश समितिको संयोजक -

सदस्य

ङ) प्रशासन शाखा प्रमुख -

सदस्य

च) जिन्सी ईकाई प्रमुख -

सदस्य

छ) स्वास्थ्य शाखा प्रमुख –

सदस्य सचिव

(२) समितिको बैठक त्रैमासिक रुपमा बस्नेछ साथै संयोजकको निर्देशनमा आवश्यकता अनुसार बस्नेछ

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था एम्बुलेन्स संचालन तथा ब्यवस्थापन समितीले निर्धारण गरे बमोजिम हुनेछ।

(४) गाउँपालिका स्तरिय एम्बुलेन्स सेवा संचालन तथा ब्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ।

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गर्ने गराउने ।

ख) एम्बुलेन्स सेवाको अनुगमन गर्ने ।

ग) चालकको आचारसंहिताको पालना भए नभएको निरिक्षण गर्ने ।

घ) चालकले आचारसंहिता बिपरित काम गरेमा कार्वाही गर्ने गराउने ।

ङ) गाउँपालिकामा प्राप्त एम्बुलेन्स सेवाको लिखित गुनासो तथा उजुरीको सुनुवाई तथा व्यवस्थापन गर्ने

च) स्वास्थ्य संस्थाबाट प्राप्त नि शुल्क र सशुल्क एम्बुलेन्स सेवाको प्रतिवेदन माथि छलफल गर्ने र आवश्यक सुझाव दिने ।

छ) चालकले सेवा शुल्क नियमित रुपमा बैक खातामा दाखिला गरे नगरेको निरीक्षण गर्ने ।

ज) चालकको सेवा सुविधा र शर्तको विषयमा आवश्यक निर्णय गरि कार्यपालिकामा सिफारिस गर्ने ।

झ) गाउँपालिका स्तरमा सरोकारवाला तथा अन्य सङ्घ संस्थाहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

ञ) सदस्य-सचिवले स्वास्थ्य संस्थाबाट प्राप्त एम्बुलेन्स सेवाको प्रतिबेदन समितिको बैठकमा पेश गर्ने तथा समितिले छलफल गरि आवश्यक पृष्ठपोषण दिने ।

ट) एम्बुलेन्स चालकको करार सेवाको म्याद थपको लागि कार्यपालिकामा सिफारिस गर्ने ।

ठ) एम्बुलेन्स सेवा संचालनका लागि आवश्यक बजेट कार्यापालिका संग माग गर्ने तथा अन्य निकायमा सहयोगको लागि माग गर्ने ।

ड) एम्बुलेन्सको सामान्य मर्मतका लागि निर्देशन दिने तथा धेरै मर्मत आवश्यक भए कार्यपालिकामा सिफारिस गर्ने ।

ढ) त्रैमासिक रुपमा एम्बुलेन्स संचालनको आय/व्ययको निरिक्षण गरी सम्बन्धित निकायलाइ आवश्यक पृष्ठपोषण दिने ।

ण) एम्बुलेन्स सेवा सम्बन्धमा अन्य आवश्यक छलफल तथा निर्णय गर्ने ।

परिच्छेदः ४
एम्बुलेन्स सेवा शुल्क तथा शर्त

७) एम्बुलेन्स सम्बन्धी व्यवस्थाः

क) एम्बुलेन्स सेवाको आय ब्याय, नियमित मर्मत संभार तथा कर्मचारीको तलब भत्ताको व्यवस्था आदि सुनिश्चित गर्न एक गाउँपालिकामा एक एकिकृत एम्बुलेन्स सेवा कोषको ब्यवस्था गरिनेछ।

ख) ७५ वर्ष माथिका जेष्ठ नागरिक र क बर्गको अपांगता भएको ब्यक्ति तथा आकस्मिक अवस्थाको गर्भवति महिला तथा संस्थागत सुत्केरीका लागि बाहेक अन्य बिरामी / ब्यक्तिको हकमा सम्बन्धित सेवाग्राहीले परिच्छेद ४ को दफा ५ मा उल्लेख भए अनुसारको सेवा शुल्क रकम बुझाउनुपर्नेछ।

ग) एम्बुलेन्स सेवा वापत उठेको रकम गाउँपालिकाको एकिकृत एम्बुलेन्स सेवा कोषको खातामा जम्मा गर्नुपर्नेछ।

घ) गाउँपालिकाको कार्यालयले एम्बुलेन्स सेवाको लागि नगदी रसिदको छपाई स्वास्थ्य संस्थालाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण जिन्सी ईकाईले राख्नु पर्ने छ।

ङ) एम्बुलेन्स सेवा दिए वापत लिईने सेवा शुल्क नगदी रसिद काटी नियमित बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ।

च) एकिकृत एम्बुलेन्स सेवा कोषको रकम गाउँपालिका स्तरिय समितिको निर्णय अनुसार खर्च हुने छ। कोषको रकम सामान्यतया चालकको तलब , इन्धन, बिमा प्रिमियम, मर्मत सम्भार र एम्बुलेन्समा रहने आवश्यक सामाग्री , समितिको बैठक खर्च ब्यवस्थापन आदिमा हुनेछ ।

छ) चालकले एम्बुलेन्स सेवाको मिति र स्थान खुल्ने गरी सवारी लगबुक राख्नुपर्नेछ । लगबुक भर्ने जिम्मेवारी एम्बुलेन्स चालकको हुनेछ ।

लगबुक प्रमाणित गर्ने जिम्मेवारी एम्बुलेन्स रहने स्वास्थ्य संस्था प्रमुखको हुनेछ ।

ज) एम्बुलेन्स चालकको नियुक्ती यशोधरा गाउँपालिकाको कार्यालयले गर्ने छ ।

झ) एम्बुलेन्स राख्ने स्थान र चालकको बास स्थानको ब्यवस्था गर्ने जिम्मेवारी स्वास्थ्य संस्था स्तरिय वडा समितिको हुने छ ।

ञ) एम्बुलेन्समा रहने औषाधी तथा उपकरण अनुसुची १ बमोजिम हुने छ ।

८) एकिकृत एम्बुलेन्स सेवा कोषको आय: (१) गाउँपालिकामा रहने एकिकृत एम्बुलेन्स सेवा कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

क) यशोधरा गाउँपालिकाको वडाहरु बाट एम्बुलेन्स सञ्चालनका लागि प्राप्त रकम ।

ख) सेवाग्राहीबाट प्राप्त सेवा शुल्क ।

ग) यशोधरा गाउँपालिकाबाट एम्बुलेन्सको लागि बिनियोजित रकम ।

घ) संघीय र प्रदेश सरकारबाट एम्बुलेन्स सञ्चालनका लागि प्राप्त रकम ।

ङ) अन्य दातृ निकायबाट प्राप्त कुनै अनुदान तथा सहयोग रकम आदि ।

(९) निशुल्क एम्बुलेन्स सेवा: (१) गाउँपालिकाको देहायको ब्यक्ति, गर्भवती, सुत्केरीलाई स्वास्थ्य संस्था वा जिल्ला अस्पतालमा पुर्याउनु परेमा तपसिल बमोजिमको निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

क) आकस्मिक अवस्थाको गर्भवति तथा सुत्केरी हुने अवस्थको महिला ,

ख) ७५ बर्ष माथिका जेष्ठ नागरिक ,

ग) क बर्गको अपागंता भएको ब्यक्ति ,

घ) बिपद् / आपतकलिन अवस्थामा संयोजकको निर्देशन अनुसारको ब्यक्ति ।

परिच्छेदः ५
एकिकृत एम्बुलेन्स सेवा कोष ब्यवस्थापन

१०) खाता सञ्चालनः (१) एकिकृत एम्बुलेन्स सेवा कोषको ब्यवस्थापन देहाय बमोजिम हुने छ।

क) एम्बुलेन्स सेवाबाट प्राप्त रकम तथा अन्य स्रोतबाट प्राप्त रकम यशोधरा गाउँपालिकाको कार्यालयले एकिकृत एम्बुलेन्स सेवा कोषको नाममा बैंक खाता खोली सञ्चालन गरिनेछ।

ख) एकिकृत एम्बुलेन्स सेवा कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको लेखा सहायकको संयुक्त दस्तखतबाट बैंक खाता संचालन हुने छ।

ग) एम्बुलेन्स सेवाबाट प्राप्त आम्दनी अनिर्वाय रुपमा बैंक खातामा दाखिला गर्नु पर्ने छ।

घ) आम्दानी भएको रकमलाई सौझै खर्च गर्न पाइने छैन।

११) लेखापरीक्षणः

क) एकिकृत एम्बुलेन्स सेवा कोषको आय व्यायको लेखांकन प्रचलित कानुन बमोजिम ब्यवस्थित गरिनेछ।

ख) एकिकृत एम्बुलेन्स सेवा कोषको आन्तरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षकबाट हुनेछ।

ग) एकिकृत एम्बुलेन्स सेवा कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुने छ।

घ) एकिकृत एम्बुलेन्स सेवा कोषको लेखा परिक्षण गराउने दायित्व आर्थिक प्रशासन शाखाको हुने छ।

ङ) नेपाल सरकार वा यशोधरा गाउँपालिकाले चाहेको अवस्थामा स्वास्थ्य संस्था स्तरिय एम्बुलेन्स सेवाको सेवा विवरण लगायत विविध पक्षको निरिक्षण तथा जाँच गर्न सक्नेछ।

च) लेखापरीक्षण प्रतिबेदन गाउँपालिको कार्यालयले गाउँकार्यपालिका, गाउँ सभा तथा अन्य आवश्यक निकायमा पेश गर्नु पर्ने छ।

परिच्छेदः ६
विविध

१२) एम्बुलेन्स चालकको योग्यता तथा सेवा सुविधाः

क) एम्बुलेन्स सेवा संचालनका लागि गाउँपालिकाले नेपाल सरकारको एम्बुलेन्स सेवा संचालन सम्बन्धी निर्देशिका, २०७८ को अनुसुची ११ दफा १६ उपदफा १ को योग्यता भएको चालक सेवा हुनु पर्नेछ । साथै यो कार्यविधि लागु हुनु भन्दा पहिला सेवा करारमा नियुक्त भएका एम्बुलेन्स हलुवा सवारी चालक (ह.स.चा) यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

ख) एम्बुलेन्स चालकको नियुक्ति प्रक्रिया यशोधरा गाउँपालिको स्थानिय कानुन बमोजिम सेवा करारमा हुनेछ ।

ग) चालकको सेवा सुविधा गाउँपालिका स्तरिय एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले निधार्रण गर्नेछ ।

घ) चालकको रु १ (एक) लाख सम्मको दुर्घटना बिमा गरिनेछ ।

ङ) चालकले अनुसुची (२) बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ ।

च) चालकले आचारसंहिता पालना गर्ने सम्बन्धमा अनुसुची (३) बमोजिमको सहमती गर्नु पर्नेछ ।

छ) एम्बुलेन्स चालक र इएमटीको पोशाक नेपाल सरकारको एम्बुलेन्स सेवा संचालन राष्ट्रिय निर्देशिकाले तोके बमोजिम हुनेछ ।

१३) एम्वुलेन्स सेवाको सेवा शुल्क : (१) एम्बुलेन्स सेवाको सेवा शुल्क देहाय बमोजिम हुनेछ ।

एम्वुलेन्स संचालन समिति, कपिलवस्तुबाट निर्धारण भएको दररेटको आधारमा समयानुकुल र भौगोलिक दुरीका आधारमा पालिका स्तरिय एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

क्र.स.	**देखि**	**सम्म**	**सेवा शुल्क**
१)	सम्बन्धित वडाबाट	यशोधरा गाउँपालिकाको स्वास्थ्य संस्था	५००

२)	पालिकाको कुनै वडाबाट	जिल्ला अस्पताल तौलिहवा	१०००
३)	पालिकाको कुनै वडाबाट	जितपुर	२०००
४)	पालिकाको कुनै वडाबाट	भैरहवा	३५००
५)	पालिकाको कुनै वडाबाट	बुटवल	४०००

(२) दफा १३ को उपदफा १ को ब्यवस्था बाहेक अन्य स्थानमा एम्बुलेन्स परिचालन गर्नु परेमा ६० रुपियाँ प्रति किलोमिटर (आवत जावत गरि) को आधारमा सेवा शुल्क लाग्ने छ।

(३) एम्वुलेन्स सेवा संचालन समिति, कपिलवस्तुले निर्धारण गरेको एम्बुलेन्स सेवा शुल्कको आधारमा यशोधरा गाउँपालिका स्तरिय एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समितिले समयानुकुल र भौगोलिक दुरीका आधारमा एम्बुलेन्सको सेवा शुल्क संशोधन गर्न सक्ने छ।

१४) संशोधन :

(१) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्नु परेमा गाउँपालिका स्तरिय एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ।

(२) यस कार्यविधिमा भएको ब्यवस्थाको हकमा यसै कार्यविधि बमोजिम हुने र यस कार्यविधिमा ब्यवस्था नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१५) खारेजी तथा बचाउ :

(१) यो कार्यबिधि स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ। साथै यस अधि लागु रहेको यशोधरा गाउँपालिकाको एम्बुलेन्स सेवा संचालन निर्देशिका २०७६ खारेज हुनेछ।

(२) यस अघि एम्बुलेन्स सेवा सम्बन्धमा भए गरेको कार्य यसै कार्यबिधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसुची १

(कार्यविधि को परिच्छेद ४ दफा ७ ट सँग सम्बन्धित)

ख वर्ग को एम्बुलेन्समा हुनु पर्ने उपकरण र औषधिको विवरण

Emergency Equipment		Medicines	Others
1. Stethoscope 2. B.P set 3. Torch Light 4. Tongue Depressure 5. IV Drips 6. Cannula and Syringes 7. ECG monitor and oxygen monitor 8. Intubation set 9. Various intubation tubes and laryngeal tubes	10. Nebulizer set 11. Ambu bag 12. Manual suction set 13. Cervical collars 14. CPR board 15. Oxygen supply 16. Automated external defibrillator (AED) 17. Delivery sets 18. Dressing Sets 19. Splints 20. Catheterizations sets 21. Haemostatic sets 22. Others		• Washing equipment • Wheelchair and trolley • Radio communication • Two-way video consultation device • Mobile device with 4G connectivity, • Walkie Talkie • Camera • GPS (Geographical Positioning System)

Patient Transport Vehicle (PTV) बिरामी ओसारपसार गर्ने गाडीमा हुनुपर्ने औषधि र उपकरणको विवरण (स्तरोन्नति नभएको "ग" वर्ग)

Emergency Equipment	Services	Others
• Oxygen Cylinder, Flow Meter and Mask जडित वा जरुरी परेमा राख्न सक्ने सवारी साधन • IV injections • Stretcher • Stethoscope, BP set Torch light • Ambu and Mask • Others	दिर्घ रोगी, डाईलेसिस गर्न, ड्रेसिङ गर्नको लागि घर देखि अस्पताल र अस्पताल देखि घरसम्म पुर्याउन र विपद्‌कोको समयमा पूर्व-अस्पताल सेवालाई सुचारु गर्न वा प्रेषण केन्द्रले स्वास्थ्य सामाग्रीहरु विपद परेको ठाउँसम्म ओसारपसार गर्न PTV को प्रयोग गर्न सकिने	• Washing equipment • Wheelchair and trolley • Radio communication • Mobile device with 4 G connectivity, Walkie Talkie and Camera • GPS (Geographical Positioning System)

अनुसुची २
(परिच्छेद ६ दफा १२ ङ संग सम्बन्धित)
एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८१ लाई पुर्णतः पालना गर्नुपर्ने,
२. आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफनो पेशाका मानमर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,
४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई संधै सम्मान पुर्वकव्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
५. आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाईपनि सिकाउनु पर्ने,
७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोगगर्नुपर्ने,
८. बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छोडनु नहुने।
९. आफनो कामको सिलसिलामा पाएको कुनै पनि सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएकोजानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामाआवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिन सक्ने,
१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुर्याउने पर्ने,
११. आफुले उचित देखेका बिरमीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नोसुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने। प्रचलित कानुनको पालना गर्नुपर्ने र त्यस्तोगरेमा नेपाल सरकारको ऐन नियम अनुसार स्वंय सजायको भागीदारी हुनेछ।
१३. आचार संहिता सम्बन्धी प्रतिवद्ध पत्र।

अनुसुची ३
(परिच्छेद ६ दफा १२ च संग सम्बन्धित)
एम्बुलेन्स चालकले आचार संहिता पालना गर्ने सहमति पत्र

म...ठेगाना....................................

....ना.प्र.प.नं.............................जारीमिति....................................

जिल्ला, डाइभिङ्ग लाइसेन्स नं....................................... जारी मिति

.... ले माथिको उल्लेखित आचारसंहिता अध्ययन

गरेको छु । कपिलवस्तु जिल्ला यशोधरा गाउँपालिका वाड न....................

एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई

सही छापगरेको छु ।

चालकको:	**प्रमाणित गर्नेको:**
दस्तखत:	**दस्तखत:**
नाम:	**नाम:**
	पद:
मिति:	**मिति:**
	कार्यालयको छाप:

आज्ञाले,

नामः ऋषभ देव खनाल

प्रमुख प्रशासकीय अधिकृत